बैठक नं. : ०६/२०८१/०८२

स्थान : नगरकार्यपालिका हल

मिति : २०८१/०१०/२३ गते

समय : दिउँसो १:०० बजे

उल्लेखित स्थान, मिति र समयमा राजापुर नगरपालिकाका नगर प्रमुख श्री दिपेश थारुज्यूको अध्यक्षतामा बसेको राजापुर नगरकार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छन्।

**उपस्थिति**

| क्र.सं. | नाम | पद | कार्यपालिका | दस्तखत |
|---|---|---|---|---|
| १ | दिपेश थारु | प्रमुख | अध्यक्ष | |
| २ | मनकला कुमारी चौधरी | उपप्रमुख | सदस्य | |
| ३ | बाबु राम चौधरी | वडा अध्यक्ष | सदस्य | |
| ४ | राम चन्द्र चौधरी | वडा अध्यक्ष | सदस्य | |
| ५ | प्रसादु थारु | वडा अध्यक्ष | सदस्य | |
| ६ | बिदुर पोखरेल | वडा अध्यक्ष | सदस्य | |
| ७ | रमेश चौधरी | वडा अध्यक्ष | सदस्य | |
| ८ | असराज न्यौपाने | वडा अध्यक्ष | सदस्य | |
| ९ | रामु थारु | वडा अध्यक्ष | सदस्य | |
| १० | राजेश थारु | वडा अध्यक्ष | सदस्य | |
| ११ | विष्णु प्रसाद थारु | वडा अध्यक्ष | सदस्य | |
| १२ | शिव लाल थारु | वडा अध्यक्ष | सदस्य | |
| १३ | शिलादेवी थारु | वडा सदस्य | सदस्य | |
| १४ | कृष्णा देवी ढुङ्गाना | वडा सदस्य | सदस्य | |
| १५ | लक्ष्मी चँदारो | वडा सदस्य | सदस्य | |
| १६ | सविता परीयार | वडा सदस्य | सदस्य | |
| १७ | शुशिला कुमारी थारु | वडा सदस्य | सदस्य | |
| १८ | त्रिलोचन सिंह | मनोनित सदस्य | सदस्य | |
| १९ | दामोदर परियार | मनोनित सदस्य | सदस्य | |
| २० | रजनी बदेनी नेपाली | मनोनित सदस्य | सदस्य | |
| २१ | दशरथ बुढा | प्रमुख प्रशासकीय अधिकृत | सचिव | |

CamScanner

राजापुर नगर कार्यपालिकाको आ.व. २०८१/०८२ को छैठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८१/१०/२३ समय : दिउँसो १:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

प्रस्ताव नं. : १

| |
|---|
| **प्रस्तावको विषय :** विधेयक र संशोधन प्रस्ताव स्विकृत गरि नगर सभा समक्ष पेश गर्ने सम्बन्धमा। |
| **निर्णयको कानूनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७। |
| **निर्णय हुनुपर्ने विषय :**<br>१. कृषि तथा पशुपंक्षी विधेयक, २०८१ स्विकृत गर्ने सम्बन्धमा।<br>२. उपभोक्ता हित संरक्षण तथा बजार अनुगमन विधेयक, २०८१ स्विकृत गर्ने सम्बन्धमा।<br>३. नगर प्रहरी ऐन, २०८१ (पहिलो संशोधन) प्रस्ताव स्विकृत गर्ने सम्बन्धमा। |
| **भएको निर्णय :**<br>राजापुर नगरपालिकाको विधायन समिति मार्फत दफाबार छलफल भई आएको तपशिल बमोजिमका विधेयक तथा प्रस्ताव उपर वृहद छलफल गरि सर्वसम्मत स्विकृत गरियो र थप छलफलका लागि आगामी हिउँदे नगर अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो।<br>१. कृषि तथा पशुपंक्षी विधेयक, २०८१<br>२. उपभोक्ता हित संरक्षण तथा बजार अनुगमन विधेयक, २०८१ सम्बन्धमा।<br>३. नगर प्रहरी ऐन, २०८१ (पहिलो संशोधन) संशोधन प्रस्ताव सम्बन्धमा। |
| (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,<br><br>नाम, थर : दशरथ बुढा<br>कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत<br>मिति : २०८१/१०/२३ गते |

राजापुर नगर कार्यपालिकाको आ.व. २०८१/०८२ को छैठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८१/१०/२३ समय : दिउँसो १:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

प्रस्ताव नं. : २

| |
|---|
| **प्रस्तावको विषय :** करार कर्मचारीहरुको समयावधि (म्याद ) गर्ने सम्बन्धमा। |
| **निर्णयको कानूनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७। |
| **निर्णय हुनुपर्ने विषय :** राजापुर नगरपालिकामा कार्यरत सम्पूर्ण कर्माचरीहरुको समयावधि (म्याद )गर्ने सम्बन्धमा। |
| **भएको निर्णय :** -<br>राजापुर नगरकार्यपालिक र मातहतका कार्यालयहरुमा कार्यरत सम्पूर्ण करारका कर्मचारीहरुको म्याद मिति २०८१ साल पौष मसान्तमा समाप्त भएकोले सम्पूर्ण कर्मचारीहरुको म्याद २०८२ साल असार मसान्त सम्म थप गर्ने निर्णयका लागि आगामी हिउँदे नगर अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो। |
| (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,<br><br>नाम, थर : दशरथ बुढा<br>कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत<br>मिति : २०८१/१०/२३ गते |

राजापुर नगर कार्यपालिकाको आ.व. २०८१/०८२ को छैठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८१/१०/२३ समय : दिउँसो १:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

प्रस्ताव नं. : ४

| |
|---|
| **प्रस्तावको विषय :** बजेट रकम थप गर्ने सम्बन्धमा। |
| **निर्णयको कानूनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७। |
| **निर्णय हुनुपर्ने विषय :** राजापुर नगरपालिका अन्तर्गतका आयोजनाहरुमा बजेट थप गर्ने सम्बन्धमा। |

**भएको निर्णय :**

राजापुर नगरपालिकाको आ.व. २०८१/८२ को वार्षिक स्विकृत बजेट तथा कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका आयोजनाहरुमा लागत अनुमान बमोजिम बजेट अपुग भएकोले थप रकम सुनिश्चित गर्ने निर्णय गरियो तपशिल:

१. वडा नं. ८ धोबिनपुर पुरैना जाने बाटोमा नाला निर्माण योजना कार्यमा रु. ११,२५,०००। (अक्षेरुपी रु. एघार लाख पच्चिस हजार रुपैया विनियोजन गर्ने।

२. ईलाका प्रहरी कार्यलय राजापुर बर्दियामा निर्माणाधिन भवनका लागि रु. १,००,०००।(अक्षेरुपी रु. एक लाख रुपैया मात्र) को पाइप र जस्तापाता लगायतका सामाग्री खरिदमा सहयोग गर्ने निर्णय सर्वसम्मत पारित गरियो

३. महिला, बालवालिका तथा जेष्ठ नागरिक शाखा अन्तर्गत विपन्न महिला, आदिवासी, दलित, अपाङ्गता भएका व्यक्तिहरुलाई लोक सेवा आयोग कक्षा संचालनमा रु. ४, १५,०००। (अक्षेरुपी रु. चार लाख पन्ध्र हजार रुपैया मात्र) थप गर्ने निर्णय गरियो।

४. राजापुर नगरपालिकाको वार्षिक स्विकृत बजेट तथा कार्यक्रम (प्रदेश शशर्त) अन्तर्गत वडा नं. २ र ५ जोड्ने बहुनडाल टोल रतैया नालामा कल्भर्ट निर्माणमा रु. ५६,०००। (अक्षेरुपी रु. छपन्न हजार मात्र) अपुग भएकोले कन्टेन्जेन्सी शिर्षक मार्फत थप रकम सुनिश्चित गर्ने निर्णय गरियो।

५. राजापुर नगरपालिका संघीय शशर्त अनुदान पुजीँगत आयोजना ने.रा.आ.वि.जोगिपुरको २ कोठे भवन निर्माण सम्पन्न गर्न रु. ७,००,०००। (अक्षेरुपी रु. सात लाख रुपैया मात्र) अभाव भएको कन्टेन्जेन्सी शिर्षक मार्फत थप रकम सुनिश्चित गर्ने निर्णय गरियो।

६. राजापुर नगरपालिका वडा नं.४ मा अवस्थित शिव मन्दिरमा मुल शिवलिङ्ग स्थापनाका लागि शिवलिङ्ग खरिद गर्दा लागेको रकम मध्ये रु. ११,११,१११। (अक्षेरुपी रु. एघार लाख एघार हजार एक सय एघार रुपैया मात्र) रकम यस कार्यालय मार्फत भुक्तानी दिने निर्णय सर्वसम्मत पारित गरियो।

(स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,

नाम, थर : दशरथ बुढा
कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत
मिति : २०८१/१०/२३ गते

राजापुर नगर कार्यपालिकाको आ.व. २०८१/०८२ को छैठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८१/१०/२३ समय : दिउँसो १:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

प्रस्ताव नं. : ५

| |
|---|
| **प्रस्तावको विषय :** कोइलीदेवीको मुर्ति निर्माण गर्ने सम्बन्धमा। |
| **निर्णयको कानूनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७। |
| **निर्णय हुनुपर्ने विषय :** कोइलीदेवीको मुर्ति निर्माण गर्ने सम्बन्धमा। |
| **भएको निर्णय :**<br>राजापुर नगरपालिका वडा नं. ४ मा अवस्थित महेन्द्र पार्कमा वि.स. २००७ सालको भिमदत्त पन्तको नेतृत्वमा भएको किसान आन्दोलनमा दिवगंत प्राप्त राजापुर निवासी कोइली देवी थारुको मुर्ति निर्माण गर्ने निर्णय सर्वसम्मत पारित गरियो। |
| (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,<br><br>नाम, थर : दशरथ बुढा<br>कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत<br>मिति : २०८१/१०/२३ गते |

राजापुर नगर कार्यपालिकाको आ.व. २०८१/०८२ को छैठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

**बैठक मिति** : २०८१/१०/२३ **समय** : दिउँसो १:०० बजे

**बैठकको अध्यक्षता** : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

**प्रस्ताव नं.** : ६

| |
|---|
| **प्रस्तावको विषय** : अध्ययन विदा स्विकृतको लागि सिफारिस गर्ने सम्बन्धमा। |
| **निर्णयको कानूनी आधारहरु** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७। |
| **निर्णय हुनुपर्ने विषय** : जनस्वास्थ्य निरिक्षक श्री गंगाराम चौधरीको अध्ययन विदा स्विकृत गर्ने सम्बन्धमा। |
| **भएको निर्णय** :<br>स्वास्थ्य मन्त्रालय, प्रशासन शाखाको प.सं. २०८०/८१, च.नं. २५१४ मिति २०८१/०३/२१ गतेको पूर्व स्विकृति पत्र,स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प.सं. २०८१/८२, च.नं. ५६० मिति २०८१/०९/२६ गतेको मनोनयन पत्र र राजापुर नगरपालिकामा कार्यरत जनस्वास्थ्य निरिक्षक श्री गंगाराम चौधरी (क.सं.नं. २१०४८३)ले अध्ययन विदा सिफारिस गरिपाउँ भनि दिएको निवेदन तथा आवश्यक कागजातका आधारमा निज गंगाराम चौधरीको अध्ययन विदा स्विकृतिको लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, लुम्बिनी प्रदेश लाई सिफारिस गर्ने निर्णय गरियो। |
| (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,<br><br>नाम, थर : दशरथ बुढा<br>कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत<br>मिति : २०८१/१०/२३ गते |

राजापुर नगर कार्यपालिकाको आ.व. २०८१/०८२ को छैठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८१/१०/२३ समय : दिउँसो १:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

प्रस्ताव नं. : ७

| |
|---|
| **प्रस्तावको विषय :** अध्ययन तथा अवलोकन भ्रमणको लागि कर्मचारी मनोनयन गर्ने सम्बन्धमा। |
| **निर्णयको कानूनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७। |
| **भएको निर्णय :** डब्लु.डब्लु.एफ. को Ref.No: 2025/044, मिति २०८१/१०/२३ गतेको पत्रानुसार डब्लु.डब्लु.एफ. नेपाल मार्फत संचालित ओत/उदवा संरक्षणका लागि समुदायको जिविकोपार्जन तथा अभिभावकत्व सबलीकरण परियोजना अन्तर्गत मिति २०८१/११/२५ गते देखि २०८१/१२/०१ गते सम्म लाओसमा हुने जलीय जैविक विविधता संरक्षण अध्ययन तथा अवलोकन भ्रमणका लागि यस राजापुर नगरपालिकाबाट तपशिल बमोजिमका जनप्रतिनिधि र कर्मचारिहरुलाई मनोनयन गर्ने निर्णय सर्वसम्मत पारित गरियो।<br>**तपशिल:**<br>श्री दिपेश थारु -नगर प्रमुख<br>श्री वसन्त मल्ल - लेखा अधिकृत |
| (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,<br><br>नाम, थर : दशरथ बुढा<br>कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत<br>मिति : २०८१/१०/२३ गते |

राजापुर नगर कार्यपालिकाको आ.व. २०८१/०८२ को छैठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८१/१०/२३ समय : दिउँसो १:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

प्रस्ताव नं. : ८

**प्रस्तावको विषय :** डि.पी.आर. गराउने सम्बन्धमा।

**निर्णयको कानूनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

**निर्णय हुनुपर्ने विषय :** डि.पी.आर. गराउने सम्बन्धमा।

**भएको निर्णय :** राजापुर नगरपालिका अन्तर्गत सडकहरुको स्तरोन्नती तथा ढल निकासका लागि डि.पि.आर. आवश्यक भएकोले तपशिल बमोजिमका सडकहरुको डि.पि.आर. कार्य अगाडि बढाउने निर्णय गरियो।

१. वडा नं. १ वडा कार्यालय देखि सोनपुर, उत्तर टोल हुँदै झबही, गेरुवा सीमाना र हुँदै वडा नं. २ झवही गेरुवा सीमाना देंखि उत्तर टोल खोप केन्द्र सम्मको सडक
२. वडा नं. ३ चख्खापुर चोक देखि वडा कार्यालय हुँदै सेन्दुरा दक्षिण चोक र सोहरिया नर्सरी सीमाना देखि नंगापुर हुँदै प्रयागपुर सम्मको सडक
३. वडा नं.३ र वडा नं. ४ को ढल व्यवस्थापन
४. वडा नं. ५ बसन्ता देखि निहालपुर चोक, पहाडीपुर बाजि सडुवा हुदैं निहालपुर सम्मको सडक
५. वडा नं. ६ जोगिपुर चोक देखि गौरी टोल, कुनिया, मोहवा हुँदै मानपुर टपरा सम्मको सडक
६. गणेशस्थान मन्दिर जाने चोक देखि त्रिवेणी चोक हुँदै राजापुर सिचाइँ कार्यालय सम्म जाने सडक
७. वडा नं. ८ धोविनपुर पेट्रोल पम्प देखि निहालपुर, फुलबारी टोल हुँदै भोगपुर सम्म र सडुवा देखि बाजी सडुवा सम्मको सडक
८. वडा नं. ९ चारमोहडा देखि बानियापुर, चैनपुर हुँदै बगनाहा मिलसम्मको सडक
९. वडा नं. १० पखैपुर, कजनीपुर हुँदै भग्रानपुर चोक सम्मको सडक

(स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,

नाम, थर : दशरथ बुढा
कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत
मिति : २०८१/१०/२३ गते

CamScanner

राजापुर नगर कार्यपालिकाको आ.व. २०८१/०८२ को छैठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

**बैठक मिति** : २०८१/१०/२३ समय : दिउँसो १:०० बजे

**बैठकको अध्यक्षता** : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

**प्रस्ताव नं.** : ९

| |
|---|
| **प्रस्तावको विषय** : रकम भुक्तानी सम्बन्धमा सम्बन्धमा। |
| **निर्णयको कानूनी आधारहरु** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७। |
| **भएको निर्णय** : राजापुर नगरपालिका कालिका सक्रिय युवा समाजद्धारा राजापुर नगरस्तरीय अन्तर मा.वि. फुटवल प्रतियोगिता संचालन गरेकोले उक्त प्रतियोगितामा भएको खर्च रकम मध्ये रु. ६५,०००।(अक्षेरुपी रु. पैसठ्ठी हजार रुपैया मात्र) राजापुर नगरपालिका मार्फत भुक्तानी गर्ने निर्णय सर्वसम्मत पारित गरियो। |
| (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,<br><br>नाम, थर : दशरथ बुढा<br>कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत<br>मिति : २०८१/१०/२३ गते |

राजापुर नगर कार्यपालिकाको आ.व. २०८१/०८२ को छैठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८१/१०/२३ समय : दिउँसो १:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

प्रस्ताव नं. : ९

| |
|---|
| **प्रस्तावको विषय :** सार्वजनिक विदा सम्बन्धमा । |
| **निर्णयको कानूनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ । |
| **निर्णय हुनुपर्ने विषय :** सार्वजनिक विदा सम्बन्धमा । |
| **भएको निर्णय :** नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि २०५१ साल फागुन १ गते देखि सञ्चालित महान जनयुद्धको स्मरण र महान ज्ञात अज्ञात शहिदहरु प्रति उच्च सम्मान गर्दै मिति २०८१ साल फागुन १ गतेका दिन ३० औं जनयुद्ध दिवसका अवसरमा राजापुर नगरकार्यपालिका र मातहतका कार्यालयमा सार्वजनिक विदा दिने निर्णय गरियो । |
| (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,<br><br>नाम, थर : दशरथ बुढा<br>कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत<br>मिति : २०८१/१०/२३ गते |

CamScanner

राजापुर नगर कार्यपालिकाको आ.व. २०८१/०८२ को छैठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

**बैठक मिति** : २०८१/१०/२३ **समय** : दिउँसो १:०० बजे

**बैठकको अध्यक्षता** : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

**प्रस्ताव नं.** : १०

**प्रस्तावको विषय** : संघीय समपूरक र विशेष आयोजना छनौट गर्ने सम्बन्धमा।

**निर्णयको कानूनी आधारहरु** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

**भएको निर्णय :**

संघिय सरकारले प्रदान गर्ने समपूरक र विशेष आयोजाहरु अन्तर्गत नराजापुर नगरपालिकाको आ.व. २०८२/८३ को लागि तपशिल बमोजिमको आयोजना छनौट गरि राष्ट्रिय योजना आयोगमा पेश गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

तपशिल:

**संघीय समपूरक अनुदान प्रस्तावित आयोजना**

१. वडा नं.३ टेडिया मुरैया जाने सडक कालोपत्रेमा थप रकम माग
२. वडा नं. ६ जमुनाबोझी, बेलुवा, उदयपुर हुँदै झप्टी सडक कालोपत्रे

**संघीय विशेष अनुदान प्रस्तावित आयोजना**

१. वडा नं. ४ अमर शहिद विद्यालयमा ८ कोठे भवन निर्माण
२. वडा नं. १० जनचेतना मा.वि. मंगलपुमा ८ कोठे भवन निर्माण

(स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,

**नाम, थर** : दशरथ बुढा
**कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत**
**मिति** : २०८१/१०/२३ गते

CamScanner

राजापुर नगर कार्यपालिकाको आ.व. २०८१/०८२ को छैठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८१/१०/२३ समय : दिउँसो १:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

प्रस्ताव नं. : ११

**प्रस्तावको विषय : योजना संशोधन सम्बन्धमा ।**

**निर्णयको कानूनी आधारहरु : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ ।**

**निर्णय हुनुपर्ने विषय योजना संशोधन सम्बन्धमा**

**भएको निर्णय :** राजापुर नगरपालिकाको आ.व. २०८१/८२ को वार्षिक स्विकृत बजेट तथा कार्यक्रम अन्तर्गत वडा कार्यालयको सिफारि बमोजिम तपशिल बमोजिमका योजनारहरु संशोधनका लागि आगामी हिउँदे नगर अधिवेशन समक्ष पेश गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

| क्र.स | वडा नं. | स्विकृत योजनाको नाम | बजेट | संशोधित योजना | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १ | मुर्गह्वा सोनाहा टोल देखि कर्दाली ड्याम सम्म सडक ग्राभेल | १,००,०००। | मुर्गह्वा सामुदायिक भवनमा शौचालय निर्माण | १,००,०००। | |
| २ | १ | भेपरी आउने/विविध | | टिहुनी प्रशुराम थारुको घरनिर कल्भर्ट निर्माण | ४,५०,०००। | १,५०,०००। थप गरिएको |
| | | | | ह्युमपाइप ढक्कन निर्माण | १,००,०००। | भेपरी बाट थप |
| ३ | २ | नयाँगाउँ खोपकेन्द्र नजिक स्लाप कल्भर्ट निर्माण | ३,५०,०००। | नयाँगाउँ दिपेशको घर देखि भिखुको घर सम्म सडक स्तरोन्नती | ६,००,०००। | ३,००,०००। थप गरिएको। |
| | | चैनपुर पयरवा सिचाइ कुलोमा पक्की कुलो निर्माण | २,७५,०००। | श्री नवज्योति स्कुलमा च्यानल गेट निर्माण | १,०५,०००। | |
| | | | | श्री ज्ञानदिप प्रा.वि. वर्गदहीमा गेट निर्माण | १,२०,०००। | |
| | | चैनपुर माइते थारुको घर नजिक ह्युम पाइप कल्भर्ट निर्माण | २,५०,०००। | चैनपुर माइते थारुको घर नजिक ह्युम पाइप कल्भर्ट निर्माण | ३,००,०००। | |
| ३ | | | | नवज्योती प्रा.वि.को लागि फर्निचर खरिद | ५०,०००। | |
| | | जम्मा (२ नं. वडा) | ८,७५,०००। | | ८,७५,०००। | |
| | | सामुदायिक विद्यालयका शिक्षकहरुलाई प्रोत्साहन कार्यक्रम | १,५०,०००। | श्री ने.रा.मा.वि. नयागाउँको वार्षिक उत्सव समारोह | १,००,०००। | सामुदायिक विद्यालयका शिक्षकहरुलाई प्रोत्साहन कार्यक्रमबाट ५०,०००। थप |
| | | वालविवाह र लागु औषध न्यूनिकरण सम्बन्धी जनचेतनामुलक कार्यक्रम | ५०,०००। | | | |
| | ३ | दलितहरुलाई सीपमुलक तालीम | ५०,०००। | दलितहरुलाई बाखा वितरण कार्यक्रम | ५०,०००। | |
| ४ | ४ | मुक्त कमैया, मुक्त कम्लहरी, सुकुम्बासी, ग र घ वर्गका अपाङ्ग, अति विपन्न वर्गहरुलाई आत्मनिर्भर बनाउनका | ४,००,०००। | राजापुरको काली मन्दिरमा तारजाली सहितको घेराबार निर्माण | २,५०,०००। | |
| | | | | मासिक बैठकमा उपस्थित हुने राजापुर वडा नं. ४ भित्रको | १८,०००। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | लागि व्यावसायिक कृषि तथा पशुपंक्षी तालीम तथा अनुदान | | महिला स्वयम सेविकाहरुलाई यातायात खर्च | | |
| | | | | अ.श.द.च.मा.वि.को कक्षा ८ मा अध्ययनरत प्रथम, द्वितीय र तीतृय स्थान हासिल गर्ने विद्यार्थिहरुलाई नगद पुरस्कार | १८,०००। | |
| | | | | एस.इ.इ.मा ए प्लस, ए र बी प्लस ग्रेडमा उतीर्ण अ.श.द.श.च.मा.वि.का विद्यार्थिलाई नगद पुरस्कार | ६३,०००। | |
| | | | | संघर्षनगर शिशु स्याहार केन्द्रको घरको छानो मर्मत | ५१,००० | |
| | ५ | अमर शहिद बहुमुखी क्याम्पसमा अध्ययनरत वडा नं. ५ का प्रत्येक संकायमा प्रथम हुने विद्यार्थिलाई प्रोत्साहन स्वरुप पुरस्कार वितरण, साहित्यिक तथा अतिरिक्त क्रियाकलाप कार्यक्रम | १०००००। | अमर शहिद बहुमुखि क्याम्पसमा अध्ययनरत विद्यार्थिहरुको लागि साहित्यिक तथा अतिरिक्त क्रियाकलाप कार्यक्रम | ५००००। | |
| | ५ | किसान मा.वि.मा साइकल स्यान्ड निर्माण | १५००००। | किसान मा.वि.मा साइकल स्यान्ड निर्माण | २१५०००। | क्र.क्र.सं. २७४ बाट ५००००। र क्र.सं. २९५ बाट १५०००। थप |
| | ५ | दैरामपुर प्राचिन कुँवा जर्नोद्धार र मर्मत | १०००००। | दैरामपुरको प्राचिन कुँवा जिर्णोद्धार र मर्मत। | ५००००। | |
| | ५ | बदालपुर मोहनपुर टोलमा रामकुमारी चौधरीको घरनिर स्ल्याब कल्भर्ट निर्माण | १०००००। | बदालपुर मोहनपुर टोलमा रामकुमारी चौधरीको घर निर स्ल्याब कल्भर्ट निर्माण | १३५०००। | |
| | ५ | ज्ञानोदय प्रा.वि.को फिल्ड पटानी | १०००००। | Build on Nepal को लागत साझेदारीमा ३ कोठे पक्की भवन निर्माण। | १०००००। | |
| | ५ | पहाडीपुर देवथान तारवार | १०००००। | पहाडीपुर सामुदायिक भवन तारवार | १००००० | |
| | स्वास्थ्य शाखा | स्वा.स्व.सेविकालाई खोप क्लिनिक तथा गाउँघर क्लिनिक कार्यक्रममा सहयोग तथा आमा समुहको नियमित बैठक बसे बाफत खाजा खर्च | १५,००,०००। | इ.एस.एम.आइ.एस. सिस्टम जडान तथा आवश्यक सामाग्री खरिद | १५,००,०००। | |
| ५ | स्वास्थ्य शाखा | सामुदायिक म.स्वा.से.लाई माषिक खाजा खर्च | १२,८३,०००। | स्वा.स्व.सेविकालाई खोप क्लिनिक तथा गाउँघर क्लिनिक कार्यक्रममा सहयोग तथा आमा समुहको नियमित बैठक बसे बाफत खाजा खर्च | १२,८३,०००। | |

(स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,

नाम, थर : दशरथ बुढा
कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत
मिति : २०८१/१०/२३ गते

राजापुर नगर कार्यपालिकाको आ.व. २०८१/०८२ को छैठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८१/१०/२३ समय : दिउँसो १:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

प्रस्ताव नं : १२

**प्रस्तावको विषय :**

१. नदीजन्य पदार्थ(ढुङ्गा, गिट्टी, वालुवा) उत्खननन् तथा ढुवानी सम्वन्धमा ।
२. दैनिक ज्यालादारीमा कर्मचारी खटाउने सम्बन्धमा ।
३. हेवी औजार (एक्सावेटर र वेकहो लोडर) प्रयोग गर्ने सम्वन्धमा ।

**निर्णयको कानूनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा. १७ ।

**निर्णय हुनुपर्ने विषय :**

१. नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) उत्खननन् तथा ढुवानी गर्ने सम्वन्धमा ।
२. दैनिक ज्यालादारीमा कर्मचारी खटाउने सम्बन्धमा ।
३. हेवी औजार (एक्सावेटर र वेकहो लोडर) प्रयोग गर्ने सम्वन्धमा ।

**भएको निर्णय :**

१. राजापुर नगरपालिका अन्तर्गतको प्रमुख आयस्रोत रहेको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) रहेको र नदीजन्य पदार्थ सम्बन्धि आन्तरिक आय ठेक्का बन्दोबस्त सम्वन्धि मिति २०८१/०८/२१ गते राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित चौथो पटको सूचनामा समेत कोहि कसैले ठेक्का कबोल नगरेको र नदीजन्य पदार्थको ठेक्का कबोल नहुँदा यस राजापुर नगरपालिकाको भौतिक पूर्वाधारका आयोजना कार्यान्वयनमा ढिलाइ हुन गएकोले प्रारम्भिक वातावरण परिक्षण (IEE) ले तोके बमोजिमको कर्णाली नदी र गेरुवा नदीका विभिन्न घाटहरुबाट तोकिएको परिमाणमा वडा कार्यालय मार्फत सिफारिस भई आएका व्यक्तिहरुबाट राजश्व संकलन गर्ने/गराउने व्यवस्था मिलाई लुम्विनी प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ७ (६) बमोजिम अमानतमा नदीजन्य पदार्थ उत्खनन् गरि बिक्रि वितरण गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।
२. राजापुर नगरपालिकामा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) को राजश्व संकलनका लागि वडा कार्यालय मार्फत सिफारिस भई आएका कर्मचारिहरुलाई निजहरुको दैनिक डोर हाजिर वमोजिम जिल्ला दररेटका आधारमा दैनिक रु. ६५०।(अक्षेरुपी रु. छ सय पचास रुपैया मात्र) उपलब्ध गराई कामकाजमा खटाउने निर्णय सर्वसम्मत पारित गरियो ।
३. बर्दिया जिल्ला राजापुर नगरपालिका अन्तरगत पर्ने कर्णाली नदी तथा गेरुवा नदीबाट दिगो रुपमा नदिजन्य पदार्थ (ढुङ्गा, गट्टी, बालुवा) संकलन उत्खन्न कार्यको प्रारम्भिक वातावरण परिक्षण प्रतिवेदनको दफा २.५ उपदफा २.५.१.१ क्र. सं. ३.३ मा उल्लेखित व्यवस्था बमोजिम कार्यालयले लुम्बिनी प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ७ (६) बमोजिम अमानतमा उत्खन्न संकलन तथा ढुवानी गर्न गराउन हेंवी औजार (एक्सावेटर र वेकहो लोडर) प्रयोग गर्ने अनुमति दिने निर्णय गरियो ।

(स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,

नाम, थर : दशरथ वुढा
कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत
मिति : २०८१/१०/२३ गते

CamScanner